नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

☎ ०६५ ५६३१३३ / ५६३१०७ / ५६३१०९

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय तनहुँ

पत्र संख्याः- २०८२/८३

## होली पर्व सम्बन्धी जिल्ला प्रशासन कार्यालय, तनहुँको अनुरोध ।

मिति २०८२ फागुन १८ गते परेको रङ्गहरुको पर्व फागु पुर्णिमाको उपलक्ष्यमा जिल्ला प्रशासन कार्यालय तनहुँ जिल्लावासीहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछ ।प्रतिनिधिसभा निर्वाचन, २०८२ कै संघारमा रङ्गहरुको पर्व फागु पूर्णिमा (होली पर्व) परेको छ। होली/फागु पर्वलाई धार्मिक एवं सांस्कृतिक दृष्टीले मर्यादित, सभ्य र अनुशासित ढंगले मनाउन साथै निर्वाचनको सुरक्षा संवेदनशीलता तथा निर्वाचन आचारसंहिता परिपालनालाई ध्यानमा राखि जिल्ला स्थित राजनीतिक दल, उम्मेदवार, मतदाता, नागरिक समाज तथा सम्पूर्ण जिल्लावासी नागरिकहरु वीच शान्ति र सौहार्दपूर्ण वातावरण निर्माण गरी धार्मिक सहिष्णुता, जातिय सद्भाव र सामाजिक एकता कायम राख्दै परम्परागत चाडपर्व मनाउन सम्पूर्ण जिल्लावासीहरुमा देहाय बमोजिम गर्नु/ गराउनुहुन जिल्ला सुरक्षा समिति तनहुँ हार्दिक अनुरोध गर्दछ ।

- चाडपर्व मनाउने नाममा कसैको इच्छा विपरति जवरजस्ती, अमर्यादित तथा उश्रृखल व्यवहार नगर्ने/नगराउने,
- आसन्न निर्वाचनलाई मध्यनगर गरी सार्वजनिक स्थान तथा सडकमा डिजे बजाउने तथा होहल्ला गर्ने, जबरजस्ती संग अविर तथा लोला हान्ने, फोहोर छ्याप्ने, पानी खन्याउने जस्ता अमर्यादित तथा उच्छृंखल व्यवहार नगर्ने/नगराउने, होली/फागु पर्व पूर्ण रुपमा साँस्कृतिक तवरले आ-आफ्नो घर कम्पाउण्ड भित्र मनाउने,
- निर्वाचन सुरक्षामा खटिएका सुरक्षाकर्मी, निर्वाचनमा खटिएका कर्मचारी तथा बाटोमा हिँडीरहेका व्यक्तिहरुलाई रङ दल्ने, लोला हान्ने, फोहर छ्याप्ने वा दुःख, हैरानी तथा कस्ट दिने कुनै पनि कानून विपरितका कार्य नगर्ने/नगराउने,
- चाडपर्वको नाममा उच्छृंखलता कायम गर्ने अन्य कानून विपरीतका निषेधित कार्य गर्ने, विना हेल्मेट मोटरसाइकल चलाउने, मोटरसाइकलमा दुईजना भन्दा बढी सवार हुने, ठुलो आवाजमा तथा हर्न बजाउँदै हिड्ने जस्ता कार्यहरु भए गरेको पाईएमा तत्काल यस्ता साधन र व्यक्तिलाई नियन्त्रणमा लिई कानूनी कारवाही हुने,
- होली पर्वको साँस्कृतिक मूल्यको संरक्षण हुने गरी सानो समूहमा पारिवारिक वातावरणमा मनाउन, ठुला जमघटका कार्यक्रम नगर्न, जबरजस्ती रङ्ग दल्ने, लोला हान्ने, दुषित पानी एवं अन्य निषेधित र हानिकारक वस्तुको प्रयोग गर्ने जस्ता गतिविधि नगर्न, सामाजिक, धार्मिक एवं राजनीतिक सद्भाव तथा निर्वाचनको वातावरणमा खलल नपुऱ्याउन साथै होली पर्वका समयमा सद्भाव खलबलिन नदिने गरी प्रचार – प्रसारका कार्यक्रम सञ्चालन गर्ने/गराउने।
- निर्वाचन तथा चाडपर्वको समयमा जिल्लामा अत्यावश्यक सामग्रीको अभाव हुन नदिन, अस्वभाविक मूल्यवृद्धी, कालो बजारी लगायतका कार्य हुन नदिन, जिल्ला भित्र सडक सञ्जालहरुलाई चालु अवस्थामा राख्न, अत्यावश्यक सेवाहरु दमकल, एम्बुलेन्स, विद्युत, खानेपानी, दुरसञ्चार, स्वास्थ्य उपचार लगायतका सेवालाई चालु अवस्थामा राख्ने ।
- होली तथा अन्य समारोहका नाममा पटाका, भुईचम्पा लगायतका कुनै पनि विष्फोटक सामग्रीको प्रयोग नगर्ने/नगराउने,
- सबै पेट्रोलियम पदार्थको बिक्रेताहरुले चाडपर्व तथा निर्वाचनको समयमा खुल्ला रुपमा संवेदनशील पेट्रोलियम पदार्थको बोतलमा विक्रि वितरण नगर्ने/नगराउने ।

मितिः- २०८२/११/१४

२०८२/११/१४

सहायक प्रमुख जिल्ला अधिकारी